

# अनिवार्य विद्यालय हाजिरी

## अभिभावक र हेरचाहकर्ताहरूका लागि जानकारी

तपाईंको बच्चाको लागि शिक्षा महत्त्वपूर्ण छ र तपाईंको बच्चालाई शैक्षिक उत्कृष्टता हासिल गर्न र उनीहरूको पेशा र जीवन विकल्पहरू फराकिलो बनाउनका लागि विद्यालयमा नियमित उपस्थिति अत्यावश्यक छ। NSW का सार्वजनिक विद्यालयहरूले बालबालिका र युवाहरूको नियमित उपस्थितिलाई प्रोत्साहन र सहयोग गर्न अभिभावकहरूसँग साझेदारी गर्छन्। जब तपाईंको बच्चा हरेक दिन विद्यालय जान्छ, उसका लागि सिकाइ सहज बन्छ र तपाईंको बच्चाले अन्य बच्चाहरु संग मित्रता निर्माण गर्छ र त्यसलाई कायम राख्छ।

### मेरा कानुनी जिम्मेवारीहरू के हुन्?

न्यु साउथ वेल्समा ६ वर्षको उमेर र १७ वर्षको न्यूनतम विद्यालय छाड्ने उमेर मुनिका सबै बालबालिकाका लागि शिक्षा अनिवार्य छ। शिक्षा ऐन १९९० अनुसार आमाबाबुले अनिवार्य विद्यालय उमेरका आफ्ना छोराछोरीहरूलाई विद्यालयमा भर्ना गरेको, र उनीहरू नियमित रूपमा विद्यालयमा उपस्थित भएको, वा गृह विद्यालय शिक्षाको लागि NSW शिक्षा मानक प्राधिकरणमा दर्ता भएको सुनिश्चित गर्न आवश्यक छ।

एक पटक भर्ना भएपछि, बच्चाहरू प्रत्येक विद्यार्थीहरूको लागि खुला भएका दिनमा विद्यालयमा उपस्थित हुन आवश्यक छ।

### समयमा आइपुग्नुको महत्व

समयमै विद्यालय र कक्षामा पुग्दाः

- विद्यार्थीहरूले दिनको प्रारम्भमा निर्धारित महत्त्वपूर्ण सिकाइ गतिविधिहरू नछुटाउने कुरा सुनिश्चित गर्दछ
- विद्यार्थीहरूलाई समयनिष्ठता र दैनिक तालिकाको महत्त्व सिक्न मद्दत गर्छ
- विद्यार्थीहरूलाई कक्षा अघि आफ्ना साथीहरूसँग भेट्न समय दिन्छ
- कक्षाकोठाको अवरोध कम गर्छ।

विद्यालयमा ढिलो उपस्थितिलाई आंशिक अनुपस्थितिको रूपमा रेकर्ड गरिन्छ र आमाबाबुले त्यसको स्पष्टीकरण दिनु पर्छ।

### यदि मेरो बच्चा विद्यालय जान सकेन भने के हुन्छ?

कहिलेकाहीँ, तपाईंको बच्चा विद्यालयमा अनुपस्थित हुन आवश्यक हुन सक्छ। निम्न कारणहरू विद्यार्थी अनुपस्थितिका उचित कारणहरू हुन सक्छन्:

- बिरामी हुदाँ, वा संक्रामक रोग हुँदा
- अपरिहार्य चिकित्सा भेटघाट हुँदा
- मान्यता प्राप्त धार्मिक बिदामा उपस्थित हुन पर्दा
- असाधारण वा जरुरी पारिवारिक परिस्थिति जस्तै अन्त्येष्टिमा भाग लिँदा।

विद्यालयबाट अनुपस्थिति पछि तपाईंले ७ दिन भित्र आफ्नो बच्चाको विद्यालयलाई अनुपस्थितिको लागि मौखिक वा लिखित स्पष्टीकरण उपलब्ध गराउनु पर्छ। यद्यपि, यदि विद्यालयले २ दिन भित्र तपाईंबाट स्पष्टीकरण प्राप्त गरेको छैन भने, विद्यालयले तपाईंलाई अनुपस्थितिको बारेमा छलफल गर्न सम्पर्क गर्न सक्छ।

प्रधानाध्यापकहरूले अनुपस्थिति तपाईंको बच्चाको सर्वोत्तम हितमा छ भन्ने विश्वास नगरेमा तपाईंले उपलब्ध गराएको स्पष्टीकरण अस्वीकार गर्न सक्छन्। यी परिस्थितिहरूमा तपाईंको बच्चाको अनुपस्थिति अनुचित ठहर गरि रेकर्ड गरिनेछ। यस्तो भएमा प्रधानाध्यापकले तपाईंसँग आफ्नो निर्णय र त्यसका कारणहरू बारे छलफल गर्नेछन्।

बारम्बार वा लामो अवधिको अनुपस्थितिलाई बिरामीको कारणले हो भनि स्पष्टीकरण दिइएको छ भने प्रधानाध्यापकहरूले चिकित्सा प्रमाणपत्र वा अन्य कागजातहरू पेस गर्न अनुरोध गर्न सक्छन्। प्रधानाध्यापकहरूले तपाईंको बच्चालाई सहयोग गर्नको लागि आपसी सहकार्यमा एक स्वास्थ्य हेरचाह योजना विकास गर्नका लागि जानकारी प्राप्त गर्न चिकित्सा विशेषज्ञहरूसँग कुरा गर्न अभिभावकको अनुमति पनि माग्न सक्छन्। यदि अनुरोध अस्वीकार गरियो भने, प्रधानाध्यापकले अनुपस्थितिहरूलाई अनुचित तोकी रेकर्ड गर्न सक्छन्।

## यात्रा

परिवारहरूलाई स्कूल बिदाको समयमा यात्रा गर्न प्रोत्साहित गरिन्छ। यदि विद्यालय अवधिको समयमा यात्रा गर्न आवश्यक छ भने, आफ्नो बच्चाको विद्यालय प्रधानाध्यापकसँग यसबारे छलफल गर्नुहोस्। विस्तारित बिदाको लागि आवेदन भर्नुपर्ने हुन सक्छ। यात्रा सम्बन्धी अनुपस्थितिहरूलाई रोलमा बिदाको रूपमा चिन्ह लगाइनेछ र त्यसैले वर्षभरिको तपाईंको बच्चाको कुल अनुपस्थितिमा यसले योगदान गर्नेछ।

केही परिस्थितिहरूमा विद्यार्थीहरू ५० विद्यालय दिनहरू भन्दा बढीको यात्रा अवधिको लागि दूरी शिक्षा (डिस्टेन्स एजुकेसन)मा भर्ना हुन योग्य हुन सक्छन्। यसबारे तपाईंको बच्चाको विद्यालय प्रधानाध्यापकसँग छलफल गर्नुपर्छ।

## मेरो बच्चा स्कूल जाँदैन, मैले के गर्ने?

तपाईंले समस्याको बारेमा छलफल गर्न र मद्दत माग्नको लागि जतिसक्दो चाँडो प्रधानाध्यापकलाई सम्पर्क गर्नुपर्छ। विद्यालय उपस्थिति सुधार गर्न मद्दत गर्ने रणनीतिहरूमा विद्यालयको सिकाइ र सहयोग टोलीमा सिफारिस गर्ने वा तपाईंको बच्चालाई उपयुक्त सहयोग संजालहरूसँग जोड्ने जस्ता पक्षहरु समावेश हुन सक्छ। प्रधानाध्यापकले हाजिरी सुधार योजना विकास गर्न गृह विद्यालय सम्पर्क कार्यक्रमबाट थप सहयोग खोज्न सक्छन्।

## यदि मेरो बच्चाले अस्वीकार्य अनुपस्थितिहरू जारी राख्यो भने के हुन सक्छ?

यो बुझ्नु महत्त्वपूर्ण छ कि अनिवार्य विद्यालय उमेरका बालबालिकाहरूको विद्यालयबाट स्पष्टिकरण बिना वा अनुचित अनुपस्थिति दोहोरिरह्यो भने डिपार्टमेन्ट अफ एजुकेशन (शिक्षा विभाग) ले थप कारबाही गर्न आवश्यक हुन सक्छ। निम्न मध्येका केही कार्यहरू गर्न सक्नेछ:

- अनिवार्य विद्यालय सम्मेलनहरू

तपाईंलाई तपाईंको बच्चासँग अनिवार्य विद्यालय सम्मेलनमा भाग लिन भन्न सकिन्छ। सम्मेलनले तपाईंको बच्चालाई नियमित रूपमा विद्यालयमा उपस्थित हुन आवश्यक पर्ने सहयोगहरू पहिचान गर्न मद्दत गर्नेछ। विद्यालय, अभिभावक र एजेन्सीहरूले विद्यालयमा तपाईंको बच्चाको उपस्थितिमा सुधार ल्याउनका लागि सहयोग गर्न एक सहमत योजना (अन्डरटेकिङ्स भनेर चिनिन्छ) विकास गर्न मिलेर काम गर्नेछन्।

- बाल अदालतमा आवेदन - अनिवार्य विद्यालय शिक्षा आदेश

यदि तपाईंको बच्चाको विद्यालयमा उपस्थिति सन्तोषजनक छैन भने विभागले अनिवार्य विद्यालय शिक्षा आदेशको लागि बाल अदालतमा आवेदन दिन सक्छ। बाल अदालतको मजिस्ट्रेटले अनिवार्य विद्यालय शिक्षा सम्मेलन बोलाउन आदेश दिन सक्छन्।

- स्थानीय अदालतमा अभियोजन

तपाईंको बच्चाको विद्यालयमा पूर्ण सहभागितालाई रोकिरहेका कारकहरूलाई सम्बोधन गर्न विद्यालय र विभागका कर्मचारीहरू तपाईंसँग साझेदारीमा काम गर्न प्रतिबद्ध छन्। अनिवार्य विद्यालय शिक्षा आदेशको उल्लङ्घन भएको अवस्थामा स्थानीय अदालतमा अभिभावक विरुद्ध थप कारबाही गर्न सकिन्छ। अदालतको कारबाहीको परिणाम सामुदायिक सेवा आदेश वा जरिवाना हुन सक्छ।

## मेरो बच्चाले कुन उमेरमा विद्यालय छोड्न सक्छ?

सबै न्यू साउथ वेल्स विद्यार्थीहरूले वर्ष (कक्षा) १० वा यस बराबरको शिक्षा पूरा गर्नुपर्छ। वर्ष (कक्षा) १० पछि, र १७ वर्षको उमेर नपुग्दासम्म, विद्यार्थीहरूको लागि उनीहरूको विद्यालय शिक्षा पूरा गर्न लचिलो विकल्पहरू उपलब्ध छन्।

## साझेदारीमा काम गर्ने

NSW डिपार्टमेन्ट अफ एजुकेशनले विद्यार्थीहरू र उनीहरूका परिवारहरूसँग आपसमा मिलेर काम गर्नु भनेको विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थितिलाई सहयोग गर्ने उत्तम तरिका हो भन्ने मान्यता राख्छ।

हामी तपाईंको बच्चालाई उनीहरूको जीवनका अवसरहरू पूरा गर्नमा सहयोग गर्नका लागि तपाईंसँग साझेदारीमा काम गर्न तत्पर छौं।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया विद्यालयमा सम्पर्क गर्नुहोस्। यदि तपाईंलाई विद्यालयमा सम्पर्क गर्न दोभाषे सहयोग चाहिन्छ भने, कृपया 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ भनेर बताउनुहोस् र अपरेटरलाई विद्यालयमा फोन लगाईदिन भन्नुहोस्। अपरेटरले तपाईंको वार्तालापमा सहयोग गर्न लाईनमा एक दोभासेको व्यवस्था गर्नेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।